नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

## प्रेस विज्ञप्ति

मितिः २०८३ श्रावण १९ गते

### मन्त्रालयको पछिल्लो १५ दिनका प्रमुख उपलब्धि तथा निर्णयहरू बारे।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पछिल्लो १५ दिन (श्रावण पहिलो सातादेखि श्रावण तेस्रो सातासम्म) को अवधिमा सम्पादन भएका प्रमुख प्रमुख नीतिगत, प्राविधिक, प्रशासनिक तथा द्विपक्षीय विकास सम्बन्धी उपलब्धिहरू आम सञ्चारमाध्यम र सर्वसाधारणको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छः

१. लामो समयदेखि हुन नसकेको नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन सम्बन्धी संयुक्त समिति (Joint Committee on Inundation and Flood Management - JCIFM) को १५ औं बैठक मिति २०८३ श्रावण १७ देखि २२ गते (तदनुसार ०२-०७ अगस्ट २०२६) सम्म नेपालमा सञ्चालन भइरहेको छ। नेपाल-भारत संयुक्त प्राविधिक टोलीले बाढी तथा डुबानका दृष्टिले जोखिमपूर्ण स्थानहरूको स्थलगत निरीक्षण गरिरहेको छ।

२. काठमाडौं उपत्यका सहित नेपालगञ्ज, बुटवल, धनुषा, राजविराज तथा मोरङ लगायतका प्रमुख सहरहरूमा विद्युत आपूर्तिमा देखिएको Voltage Fluctuation, Tripping तथा ट्रान्सफर्मर बिग्रने समस्याबारे प्राप्त उजुरीहरूको सम्बन्धमा स्थलगत निरीक्षण सहितको अध्ययन कार्य सम्पन्न भएको छ।

३. मन्त्रालय मातहत सञ्चालित आयोजनाहरूको प्रगति समीक्षा, कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र तिनको द्रुत समाधानका लागि मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक सम्पन्न भएको छ। यस मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को समग्र भौतिक प्रगति ७१.३५ प्रतिशत र बेरुजु फछ्र्यौट ५२.८१ प्रतिशत रहेको छ।

४. नेपाल सरकारको आगामी १० वर्षमा ३०,००० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य हासिल गर्ने दिशामा सहयोग पुऱ्याउन विद्युत आयोजनाहरूको व्यावसायिक उत्पादन सुरु हुने मिति (Required Commercial Operation Date - RCOD) को म्याद थप गर्ने सम्बन्धमा आवश्यक नीतिगत तथा प्रशासनिक कारबाही अगाडि बढाइएको छ।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता